सम्पादकीय

# भूमे साप्ताहिक

वर्ष ७ अङ्क ०६ भाद्र १५ आईतबार

## हाम्रो जिम्मेवारी अझ बढेको हो ?

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA को ताजा नतिजामा भूमे गाउँपालिका चौथो स्थानमा पर्नु निश्चय नै हर्षको विषय हो। गत वर्षको भन्दा यस वर्षको अंक वृद्धिले भूमे गाउँपालिकाको कार्यसम्पादन क्षमता उच्च हुँदै गएको स्पष्ट देखाउँछ। देशभर धादिङको बेनिघाट गाउँपालिका पहिलो र लुम्बिनी प्रदेशमा गुल्मीको रुरुक्षेत्र गाउँपालिका दोस्रो स्थानमा पर्नु प्रतिस्पर्धा कति कडा छ भन्ने प्रमाण हो। त्यही प्रतिस्पर्धामा भूमेले ८७.२५ अंक ल्याई चौथो स्थान ओगट्नु गर्वको कुरा मात्र होइन, अब्बल बन्न सक्ने सम्भावना अझै छ भन्ने सन्देश दिएको छ।

यस सफलतामा कार्यपालिका, गाउँसभा, कर्मचारी मात्र होइन, आम भूमेली नागरिकको प्रत्यक्ष र अप्रत्यक्ष योगदान छ। गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले भन्नु भए झैं यो उपलब्धि साझा हो। तर उपलब्धि सँगै जिम्मेवारी पनि बढेको कुरा पालिकाले आत्मसात् गर्नुपर्छ। अंक बढाउनु भनेको सेवा प्रवाह, सुशासन, सामाजिक समावेशीकरण, वातावरण संरक्षणदेखि वित्तीय पारदर्शितासम्म हरेक क्षेत्रमा जनताले अनुभूत गर्ने खालको सुधार होस् भन्ने अपेक्षा हो। जसको उदाहारण भूमे बनेको छ।

अर्कोतर्फ, पुथाउत्तरगंगा र सिस्ने गाउँपालिकाले ल्याएका अंक भने प्रदेशकै औसतभन्दा तल छन्। यसले पालिकाबीचको असमानतालाई देखाएको छ। भूमेले मात्र होइन, सम्पूर्ण रुकुमपूर्वका पालिकाहरूले प्रतिस्पर्धा गर्दै अघि बढ्न सक्दा मात्र जिल्लाको समग्र विकास सम्भव हुन्छ। लिजा (LISA) कुनै पुरस्कार मात्र होइन, सुधारको बाटो देखाउने सूचक पनि हो। यसले कमजोरी कहाँ छन् भन्ने पहिचान गर्छ र आगामी वर्षका लागि नयाँ कार्यदिशा देखाउँछ। त्यसैले भूमेले प्राप्त गरेको चौथो स्थानलाई अन्तिम उपलब्धि भनेर सीमित गर्नु हुँदैन। बरु यसलाई पहिलो बन्ने यात्राको आधारशिला बनाउन जरुरी छ।

अतः भूमेली नागरिक र नेतृत्वको सामूहिक प्रयासले पालिका अझै सक्षम, पारदर्शी र उत्तरदायी बन्न सकोस् भन्ने हाम्रो अपेक्षा छ। **सम्पादकीय मण्डल**



**प्रकाशक**

**भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**

**खाबाङबगर, रुकुम (पूर्व)**
**लुम्बिनी प्रदेश नेपाल**

समाचार

वर्ष ७ अङ्क ०६ २०८२ भाद्र १५ आईतबार

# स्थानीय तहको स्वमूल्याङ्कन : रुकुमपूर्वको भूमे गाउँपालिका लुम्बिनीमा चौथो




❖ **बालाराम शेर्पाली**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको नतिजाअनुसार स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा लुम्बिनी प्रदेशमा रुकुमपूर्वको भूमे गाउँपालिका चौथो बनको छ। भूमे गाउँपालिकाले ८७.२५ अंकसहित चौथो बनेको हो। गत आर्थिक वर्ष २०७९/०८० स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन नतिजा अनुसार भूमे गाउँपालिकाले ८०.५० अङ्क प्राप्त गरेको थियो।

आर्थिक वर्ष २०८०/०८१ नतिजाअनुसार देशभरमा धादिङको बेनिघाट गाउँपालिका ९१.७५ अंकसहित पहिलो हुदाँ गुल्मीको रुरुक्षेत्र गाउँपालिका ९० अंकसहित लुम्बिनी प्रदेशमा पहिलो देशैभर दोस्रो, पाल्पाको रिब्दिकोट र गुल्मीको धुर्कोट गाउँपालिका समान ८७.५ अंकसहित क्रमशः दोस्रो र तेस्रो, तथा दाङको राप्ती र रुकुमको भूमे गाउँपालिका ८७.२५ अंकसहित चौथो स्थानमा परेका हो। यस्तै

रुकुमपूर्वको पुथाउत्तरगंगा गाउँपालिकाले ६८.५० अङ्क प्राप्त गरेको छ भने सिस्ने गाउँपालिकाले ७७ अङ्क प्राप्त गरेको छ। भूमेमा ९ वटा वडा छन् भने पुथाउत्तरगंगामा १४ र सिस्नेमा ८ वटा वडा रहेका छन्।

भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले गाउँपालिकाले हासिल गरेको सफलता सम्पूर्ण भूमेली जनताको साझा उपलब्धि भएको बताउनु भएको छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा ८७.२५ अंक प्राप्त गर्दै उत्कृष्ट नतिजा हात पारेको सन्दर्भमा अध्यक्षले कार्यपालिका सदस्य, गाउँसभा सदस्य, कर्मचारी तथा आम नागरिकलाई धन्यवाद ज्ञापन गर्दै "देशभर पहिलो हुने गाउँपालिकाले ९१.७५ अंक र दोस्रो हुनेले ९०.१५ अंक प्राप्त गरेका छन्।

हाम्रो पालिकाले ल्याएको नतिजा त्यसभन्दा धेरै टाढा छैन। यसले हामीलाई अब्बल सावित गरेको छ। अध्यक्ष श्रेष्ठले भन्नुभयो। यो नतिजाले अझ ठूलो जिम्मेवारी बढाएको उल्लेख गर्दै आगामी दिनमा सुशासन, प्रभावकारी सेवा प्रवाह र दिगो विकासमा पालिका थप सक्रिय हुने प्रतिबद्धता व्यक्त गर्नु भएको छ।

मन्त्रालयले प्रशासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायियिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वय गरी १० वटा सूचक बनाएर स्थानीय तहको स्वमूल्याङ्कन नतिजा प्रकाशित गर्दै आएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्य प्रक्रिया र उपलब्धिको लेखाजोखा गरी शासकीय प्रक्रिया विकास व्यवथापनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू पहिचान गर्ने, आवधिक समीक्षाको आधार प्राप्त गर्ने र स्थानीय सरकारबीच स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्देश्यले कार्यान्वयनमा रहेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजाको गुणस्तर परीक्षणको कार्य गर्दै आएको छ।



# ऐतिहासिक चुनवाङ शान्ति सङ्ग्रहालयमा मूर्ति बन्दै



सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण राजनीतिमा रूपान्तरण गर्ने निर्णय गरेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को केन्द्रीय समिति बैठक बसेको ऐतिहासिक स्थानमा बन्दै गरेको 'चुनवाङ शान्ति सङ्ग्रहालय' का लागि काठमाडौंमा कला सिर्जना धमाधम भइरहेको छ। चित्रकला करिब–करिब तयार भएका छन् भने मूर्तिकला निर्माणाधीन रहेका छन्। त्यहाँ राख्नका लागि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँग ३० देखि ३५ सम्म चित्रकला र ४० भन्दा बढी मूर्तिकला निर्माणका लागि भएको सम्झौताअनुसार अहिले काठमाडौंमा कला सिर्जनाको काम जारी रहेको छ। प्रतिनिधिसभा सदस्य तथा लुम्बिनी प्रदेशका पूर्व सभामुख पूर्णबहादुर घर्तीले चुनवाङस्थित बैठक बसेको घर र माओवादी अध्यक्ष बसेको घर संरक्षण गरी सोही ऐतिहासिक निर्णय भएको स्थानलाई शान्ति सङ्ग्रहालय बनाउने गरी काम भइरहेको बताउनुभएको छ।

सशत्र द्वन्द्वका बेला भएका घटनाक्रम, बैठक, त्यसबेलाका माओवादीका गतिविधि समेट्ने गरी चित्र र मूर्ति निर्माण भइरहेको घर्तीमगरले बताउनुभयो। एक हजारभन्दा बढी तत्कालीन अवस्थाका तस्बिरसमेत उक्त सङ्ग्रहालयमा रहने छन्। छुट्टै नयाँ भवन बनिरहेको छ। वि.सं २०६२ असोजमा भूमे गाउँपालिका वडा नम्बर ९ चुनवाङमा बसेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को केन्द्रीय समिति बैठकले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न संसदीय राजनीतिक शक्तिसँग सहकार्य गर्ने निर्णय गरेको थियो।

त्यसैको जगमा तत्कालीन संसदीय राजनीतिक दल र माओवादीबीच दिल्लीमा १२ बुँदे समझदारी भएको थियो। तत्कालीन राजा ज्ञानेन्द्रले शासन सत्ता हातमा लिएपछि संसदीय राजीतिक दल रुष्ट रहेका बेला त्यसैलाई उपयोग गर्ने गरी माओवादीको उक्त बैठक बसेको सोही क्षेत्रका प्रतिनिधिसभा सदस्य घर्तीले बताउनुभयो। सङ्ग्रहालयका लागि निर्मित चित्रकला तथा मूर्तिकला अवलोकन गर्नु भएको छ। अवलोकन

पछि भने, “त्यो बेलाका दृष्य जस्तो हुन्थ्यो, त्यस्तै चित्र, मूर्ति सिर्जना होस् भन्ने चाहना हाम्रो छ, कुनै बढाइचढाइ गर्नुपर्ने जरुरी छैन, हेर्दा जस्ताको तस्तै देखियोस्।”चित्र अवलोकन पछि आवश्यक परिमार्जनका लागि उनले कलाकारहरुलाई सुझाव दिएको बताउनुभयो। त्यही चुनवाङ बैठकले लिएको निर्णयले दुई राजनीतिक शक्ति एक ठाउँमा उभिएका र त्यसैको बलमा २०६२/२०६३ मा जनआन्दोलन भयो।

त्यसपछि माओवादी शान्ति प्रक्रियामा आएको थियो। “अहिलेसम्म जेजे उपलब्धि भए, संविधान जारी भयो, संघीय राज्य स्थापना भयो, समावेशी र समाजवाद उन्मुख संविधानको जग त्यही थियो र अहिले महिला, आदिवासी जनजाति दलित उत्पिडित वर्षहरुका लागि भएको ऐतिहासिक निर्णयको जग त्यही थियो”, घर्तीले सुनाउनुभयो। लुम्बिनी प्रदेश सरकारले २०६९ सालमै चुनवाङ शान्ति संग्रहालय विकास समिति गठन आदेश जारी गरिसकेको छ। सोही आधारमा यहाँ बैठकस्थलको पुरानो भवन संरक्षण गरिएको छ भने नयाँ भवन बनिरहेको छ। सरकार पक्ष र माओवादी पक्ष कसैको पनि जित हुने अवस्था नदेखिएको र तत्कालीन संसदीय शक्ति राजाबाट बिच्किएपछि यो संक्रमणकाललाई सदुपयोग गर्नुपर्छ भनेर नै चुनवाङ बैठकले ऐतिहासिक निर्णय गरेको हो। उक्त शान्ति संग्रहालयमा राख्ने गरी कलाकारले माओवादीले हतियार बोकेर गाउँ-गाउँ हिँडेका, उनीहरुले सांस्कृतिक कार्यक्रम देखाएका र दोहोरो भीडन्त भएका, गाउँ समाजमा माओवादी लडाकुहरु घुम्दाका अवस्था तथा चुनवाङ बैठककै गतिविधिसमेत कलामा उतारेका छन्। नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको मूर्तिकला विभाग प्रमुख तथा प्राज्ञ परिषद् सदस्य दिनेश्वर महतो त्यो ऐतिहासिक स्थललाई विश्व सामु नै चिनाउनुपर्छ भनेर स्थापना हुन लागेको शान्ति सङ्ग्रहालयमा प्रतिष्ठान जोडिन पाएकामा खुसी व्यक्त गर्नुभयो। उहाँले कलाकारलाई स्थलगत रुपमै लगेर पनि कला सिर्जना गराउने सोच रहेको सुनाउनु भएको छ। प्रतिषठनका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले देशका धेरै पालिकामा यस्ता संग्रहालय बन्ने क्रममा रहेको तर यो चुनवाङ सङ्ग्रहालय भने विशिष्ट पहिचान बोकेको बताए। भूमे गाउँपालिकासँग सम्झौता भएर काम गर्न पाउनु प्रतिष्ठानका लागि महत्वपूर्ण भएको उनले बताए। यसले आगामी दिनमा अन्तरराष्ट्रिय रुप लिने उनले विश्वास गरे। विशेष गरी उक्त बैठकले राजनीतिक फौजी गरी कार्यदिशा पास गरेको थियो। एउटा संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको नाराका आधारमा मिल्न सकिने जति शक्तिसँग मिलेर राजतन्त्र विरोधी आन्दोलनलाई व्यापक र सशक्त बनाउने थियो। यस्तै विद्रोहको कुनै सम्भावनालाई उपयोग गर्न वैचारिक, राजनीतिक र साङ्गठनिक तयारी बढाउने कार्यकर्ता तथा जनतालाई व्यापक फौजीकरणमा प्रयत्न गर्ने र जनमुक्ति सेनाको संरचनामा अर्को चार डिभिजन थप गर्ने बैठकले निर्णय गरेको थियो। तत्कालीन संसदीय राजनीतिक दलसँग १२ बुँदे सहमतिपछि पहिलो कार्यदिश अनुसार माओवादी शान्ति प्रक्रियामा आएको थियो। त्यसैको स्मरणमा यहाँ चुनवाङ शान्ति सङ्ग्रहालय बनाउन लागिएको हो।

# रुकुमपूर्वबाट ६३ हजार किलोभन्दा बढी जडिबुटी संकलन, १९ लाख राजस्व

❖ *बालाराम शेर्पाली*




रुकुमपूर्व — लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्वमा एक वर्षको अन्तरालमा ६३ हजार ८ सय ६७ किलोभन्दा बढी जडिबुटी संकलन हुदाँ करिब १९ लाख रुपैयाँ राजस्व संकलन भएको छ। लुम्बिनी प्रदेश सरकार अन्तर्गतको डिभिजन वन कार्यालय, रुकुम (पूर्व भाग) ले सार्वजनिक गरेको विवरण अनुसार चालु आर्थिक वर्ष २०८१/८२ मा ३६ प्रकारका जडिबुटी संकलन र बिक्री वितरण भएको हो। सबैभन्दा बढी राजस्व दिने जडिबुटीमा यार्चागुम्बा अग्रस्थानमा छ।

जम्मा १७.३ किलो मात्र संकलन भए पनि प्रतिकिलो ३१ हजार दरले बिक्री हुँदा करिब ५ लाख ३६ हजार ३ सय रुपैयाँ राजस्व उठेको डिभिजन वन कार्यालय रुकुमपूर्वका कार्यालय प्रमुख गणेश बहादुर खड्काले जानकारी दिनुभएको छ। यसबाहेक जटामसी, , रातो च्याउ, चिराइतो, अमला, कटुकी, भुत्ले, पाँचऔले, रातोच्याउ, गुच्ची च्याउ, सर्केली, सेतक चिनी, सोमलता, पदमचाल, साधारण च्याउ, दालचिनीको बोक्रा, अमला, अल्लो, पावन बोक्रा, पाखनबेद, रिठा, टिमुर, भिर मह, चिराइतो, लहरे गुर्जो लगायत विभिन्न प्रजातिका जडीबुटी पाइने गरेको खड्काले बताउनुभयो।

सामुदायिक वन उपभोक्ता समूहमार्फत संकलन भएका जडिबुटीले ग्रामीण भेगका घर धुरीलाई आम्दानी दिलाएको छ। भने यसले प्रदेश र स्थानीय सरकारलाई समेत राजस्वमार्फत योगदान पुर्‍याएको बताईएको छ। रुकुमपूर्वमा जडिबुटीको सम्भावना ठूलो भए पनि चोरी निकासी, डढेलो, जलवायु परिवर्तन, बस्तुभाउ चरिचरण र संकलनकर्ताको होडबाजीले अपेक्षा अनुसार नतिजा आउन नसकेको खड्काले बताउनुभयो। यी चुनौतीलाई न्यूनीकरण गर्न सिस्ने, भूमे र पुथा उत्तरगंगा गाउँपालिकाका सब-डिभिजन कार्यालय मार्फत समुदायमा पुगेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको खड्काको भनाई छ। रुकुमपूर्व जडिबुटीको भण्डारका रूपमा चिनिन्छ। यहाँको जडिबुटीले राज्यलाई राजस्व त दिलाइरहेको छ तर स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी सन्तुलित व्यवस्थापन अझै जरुरी देखिन्छ।

# सुरक्षित मातृत्व प्रति चेतना जगाउन तीजगीत प्रतियोगिता



❖ ***जयमान बुढामगर***

रुकुमपूर्वको भूमे गाउँपालिका–९ चुनबाङमा सुरक्षित मातृत्व सम्बन्धी चेतनामूलक तीज गीत प्रतियोगिता कार्यक्रम २०८२ भव्य रूपमा सम्पन्न भएको छ। चुनबाङमा भूमे –९ को आयोजना र मिक नेपालद्वारा सञ्चालित सम्बोधन परियोजनाको आर्थिक सहयोगमा सुरक्षित मातृत्व सम्बन्धी चेतनामुलक तीज गीत प्रतियोगिता कार्यक्रम गरिएको हो।

स्थानीय समुदायमा सुरक्षित मातृत्वप्रतिको चेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको सम्बोधन परियोजनाका कार्यक्रम संयोजक राजेश रानामगरले जानकारी दिनुभयो। उक्त कार्यक्रममा विभिन्न स्वास्थ्य आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा विद्यालयमा अध्ययनरत किशोरीहरूबीच सचेतनामुलक तीजगीत मार्फत प्रतिस्पर्धा गराइएको थियो।

कार्यक्रममा सहभागीहरूले सुरक्षित मातृत्व, गर्भावस्था तथा सुत्केरी स्याहार, पोषण, नियमित स्वास्थ्य परीक्षण, संस्थागत सुत्केरी जस्ता महत्वपूर्ण विषयहरूलाई गीतमार्फत सन्देशमूलक रूपमा प्रस्तुत गरेका थिए।

तीजको सांस्कृतिक महत्वसँगै सामाजिक सन्देश समेटेर गरिएको प्रस्तुतीहरूले दर्शक तथा सहभागीहरूमा गहिरो प्रभाव पार्नुका साथै स्वास्थ्य चेतनाको अभिवृद्धिमा समेत टेवा पुगेको परियोजना संयोजक रानामगरले बताउनुभयो।

कार्यक्रममा स्थानिय जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मी, शिक्षक, अभिभावक तथा युवाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। प्रतियोगितामा उत्कृष्ट प्रस्तुती दिने समूहहरूलाई प्रमाणपत्र तथा पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ। यस प्रकारका सामुदायिक चेतनामूलक कार्यक्रमहरूले सुरक्षित मातृत्व, आमा तथा नवजात शिशुको स्वास्थ्यका लागि समुदायमै सकारात्मक प्रभाव पार्ने परिरहेको छ। स्वास्थ्य शिक्षा र संस्कृतिको संयोजनमार्फत जनचेतना अभिवृद्धि गर्ने प्रयास सराहनीय रहेको सहभागीहरूले बताएका छन्।

# रुकुमपूर्वमा कृषि–पशुपालन तथ्याङ्कबारे गोष्ठी




❖ ***साप्ताहिक संवाददाता***

रुकुमपूर्व। लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्वलाई अर्गानिक जिल्लाको पहिचान थप सुदृढ गर्न कृषि,पशुपालन तथ्याङ्क व्यवस्थापन सम्बन्धी दुई दिने अन्तरक्रिया गोष्ठी सम्पन्न भएको छ। एकीकृत तथा पशुपंछी विकास कार्यालयको आयोजनामा सिस्ने, भूमे र पुथा उत्तरगंगा गाउँपालिकाका कृषि प्राविधिकहरूको सहभागिता रहेको सो गोष्ठी बिहीबार र शुक्रबार दुई दिनसम्म सञ्चालन गरिएको थियो। बिहीबार पशुपालन क्षेत्रका तथ्याङ्क र आगामी रणनीति विषयमा छलफल भयो भने शुक्रबार कृषि क्षेत्रमा केन्द्रित रहेर तथ्याङ्क संकलन, अभिलेखन र योजनाबारे गहन छलफल गरिएको हो। कार्यालयका प्रमुख डिल्लीराज पौडेलका अनुसार, जिल्लाभरका विभिन्न गाउँ–बस्तीमा कुन क्षेत्रमा कुन बाली उत्पादन हुने भनेर पकेट क्षेत्र घोषणा गरि सकिएको छ। "अर्गानिक जिल्ला घोषणापछि रुकुमपूर्वको कृषि, पशुपालन क्षेत्रले नयाँ सम्भावना देखाएको छ। तथ्याङ्क व्यवस्थापन र रणनीतिले उत्पादन वृद्धिमा टेवा पुर्‍याउने लक्ष्य रहेको पौडेलले बताउनुभयो।

गत आर्थिक वर्षको तथ्याङ्कसँग तुलना गर्दा यस वर्ष उत्पादनमा भएको वृद्धि वा कमीबारे विस्तृत डाटा तयार गरिएको कार्यालयले जनाएको छ। कार्यक्रममा सरोकारवालाले तथ्याङ्कलाई व्यवस्थित र पारदर्शी बनाउन आधुनिक प्रविधि र डिजिटल प्रणालीको प्रयोग गर्नुपर्ने सुझाव राखेका थिए।

# गोठबीच बाँधिएको जीवन



तस्विर : मैत्या घर्तीमगर

❖ साप्ताहिक संवाददाता

जेठ लाग्नेबित्तिकै भूमे गाउँपालिकाका बुढापाखा गोठालोहरू बेंसीबाट लेक चढ्छन्। बिहानैदेखि भिजेको घाँसको गन्ध, त्रिपालले छापिएका अस्थायी गोठ र भेडी बाखाको स्वरमा उनीहरूको जीवन बित्छ। पानीले लुथ्रुक्क भिजेका कपडा, आगोको धुवाँले कालो बनेको छानो र जाडो रातमा कर्कल्दै गरेको भेडीको आवाज। यही हो उनीहरूको संसार। असोज लागेपछि बुकि पाटनदेखि तलतिर फर्कने तयारी हुन्छ। भेडीहरूलाई अगाडि–अगाडि हाक्दै उनीहरू बिस्तारै गाउँ फर्किन्छन्। पर्व आउँदैछ भन्ने कुरा गाउँबाट बोकिएको खबरले मात्रै थाहा हुन्छ। तर चाडपर्व गोठालो जीवनमा विशेष दिन होइन; उनीहरूको पर्व भनेकै पाटनमा हरियो घाँस फुल्ने ऋतु हो।

हिउँद लागे बेंसी झर्ने, बर्खा लागे लेक चढ्ने परम्परा पुस्तौंदेखि चल्दै आएको छ। यो चक्र जीवनशैली मात्र होइन, स्थानीय संस्कृतिको एउटा जरा पनि हो। भेडा –बाखाको दूध, ऊन र मासुले गाउँको भान्सालाई भर पुऱ्याउँछ। ववाह, भोजदेखि दशैं–तिहारसम्मको संस्कारमा भेडा–बाखाको महत्व अझै





हराएको छैन। तर यी गोठालोका लागि पर्वको समय फरक हुन्छ।

गोठालो जीवन सजिलो छैन। असिनापानी, चट्याङ, बाढी, डढेलो हरेक मौसमसँगै चुनौती आउँछ। चिसो रातमा आगो निभ्यो भने शरीरमै चिसो पस्छ। वर्षा लाग्दा भिजेका कपडामै बिहानको घाम पर्खनुपर्छ। शिक्षा र स्वास्थ्य सेवा उनीहरूको जीवनमा दुर्लभ शब्दजस्तै छन्। समयसँगै युवापुस्ताको सोच बदलिएको छ। धेरैजसो युवा वैदेशिक रोजगारीमा लागेका छन्।

बाँकी युवाले गाउँमै वैकल्पिक रोजगारी खोज्न थालेका छन्। यसकारण गोठालो पेशा बिस्तारै बुढापाखासँग मात्र सीमित हुँदै गएको छ। पुस्ताले धानेको यो परम्परा अब निरन्तर रहला कि हराउला भन्ने प्रश्न उब्जिन थालेको छ।

**पाटनमा हरियो घाँस पहिले जस्तो फुल्दैन। अनियमित वर्षा, असिनापानी र हिउँले चरन जमिनको स्वरुप नै बदलिरहेको छ। यद्यपि सबै कुरा निराशाजनक मात्र छैन।**

गोठालो जीवनलाई कृषि पर्यटनसँग जोड्ने सम्भावना देखिन्छ। विदेशी र सहरका पर्यटकका लागि भेडी गोठालो जीवन आफैंमा एउटा अनुभव हो। यदि स्थानीय सरकार र समुदायले मिलेर यो जीवनशैलीलाई संरक्षण गर्दै पर्यटनसँग जोड्न सके भने गोठालो जीवन केवल अस्ताउने परम्परा मात्र होइन, सम्भावना पनि बन्न सक्छ।

# लोकसेवा तयारी विशेष : वस्तुगत प्रश्नोत्तर

**१.विसं २०८१ को मदन पुरस्कार विजेता स्रष्टा को हुन् ?**

- छुदेन काविमो (औपन्यासिक कृति :उरमाल उपन्यासले दार्जिलिङको चिया बगान क्षेत्रका महिला श्रमिकको सांस्कृतिक र ऐतिहासिक यथार्थलाई जीवन्त रूपमा उद्घाटित गरेको।सीमापारि (कालिम्पोङ, भारत) का लेखक काविमोको पुस्तकले उचाइ लिने क्रममा नेपालको प्रतिष्ठित मदन पुरस्कार प्राप्त गरेको।त्यसै गरी २०८१ सालको जगदम्बाश्री पुरस्कारबाट सम्मानित हुने व्यक्तित्व प्रेमदेव गिरी हुन्।उनी लोकगीतहरूको सङ्कलन र संरक्षणमा लामो समयदेखि निरन्तर समर्पित रहेका।सुर्खेतमा बसेर नेपाली वाङ्मय गोडमेल गरिरहेका माली हुन् प्रेमदेव गिरी।

**२.नेपाल सरकारले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति २०८२ कहिले स्वीकृत गरेको हो ?**

- विसं २०८२ साउन २६ उक्त नीतिले आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिमार्फत 'मानवकेन्द्रित, नैतिक र समृद्ध नेपाल निर्माण गर्न' मुख्य चार वटा उद्देश्य राखेको : एआईबाट आर्थिक वृद्धिदर उच्च बनाउने, एआईको प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने, दिगो एवं भरपर्दो एआई इकोसिस्टम निर्माण गर्ने, एआई गभर्नन्सलाई प्रभावकारी बनाउने।नीति कार्यान्वयनका लागि एआई नियमन परिषद् स्थापना गरिने।आईको क्षेत्रमा कम्तीमा पाँच हजार जनशक्ति तयार गर्ने।एआई रेडिनेस इन्डेक्समा नेपालको स्थानलाई शीर्ष ५० भित्र पु¥याउने।स्मरण रहोस् अक्सफोर्ड इन्साइट्सले तयार पारेको गभर्नन्स एआई रेडिनेस इन्डेक्समा नेपाल सन् २०२४ मा १५० औं स्थानमा रहेको।एआईलाई सामाजिक, आर्थिक क्षेत्रमा प्रयोग गरी सूचना प्रविधिबाट कुल गार्हस्थ उत्पादनमा हुने योगदानलाई एक प्रतिशत पु¥याउनेसहित पाँच वटा लक्ष्य नीतिमा उल्लेख।

**३.कर्णाली प्रदेश सरकारले पहिलो पटक कृषिमा आयकर कहिलेदेखि लगाउन थालेको हो ?**

- आर्थिक वर्ष २०८२/८३ देखि आर्थिक वर्ष २०८२/८३ का लागि प्रदेश सरकारले ल्याएको आर्थिक ऐनबमोजिम अब प्रदेशभित्र उत्पादित कृषि उपजको बिक्रीबाट हुने आम्दानीमा तोकिएको दरमा कर लाग्ने।प्रदेशको आन्तरिक आम्दानी सुदृढ गर्न यो व्यवस्था ल्याएको जनाइएको। यसअघि कृषि क्षेत्रलाई करको दायरामा ल्याइएको थिएन।नयाँ व्यवस्था अनुसार वार्षिक पाँच लाख रुपियाँसम्मको कृषि आयमा कर लाग्ने छैन।त्यसभन्दा बढी

आम्दानी हुने किसानका लागि निम्न दरले कर निर्धारण गरिएको :पाँच लाखदेखि २५ लाख रुपियाँसम्म : एक प्रतिशत २५ लाखदेखि ५० लाख रुपियाँसम्म : १.५ प्रतिशत ५० लाखदेखि एक करोड रुपियाँसम्म : १.७५ प्रतिशत एक करोडभन्दा बढी आयमा : २ प्रतिशत। कर्णाली सरकारले यस वर्षदेखि खेतीयोग्य जमिन बाँझो राख्नेलाई पनि कर लगाउने कानुनी व्यवस्था गरेको छ।

**४.३४१ मेगावाट क्षमताको बुढीगण्डकी अर्धजलाशययुक्त आयोजना कहाँ रहेको छ ?**

- ❖ गोरखा (परियोजनाको बाँध क्षेत्र चुमनुब्री गाउँपालिकाको वडा नं. ३ र विद्युतगृह धार्चे गाउँपालिकाको वडा नं. ३ मा हुने। निजी क्षेत्रकै ठुलो यस जलविद्युत् आयोजना निर्माणका लागि विसं २०८२ साउन २२ गते वित्तीय व्यवस्थापन सम्झौता भएको। ७० अर्ब रुपियाँ लागत अनुमान गरिएको यस परियोजनामा नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्कको नेतृत्वमा १० बैङ्क तथा वित्तीय संस्थाले कन्स्टोटियम (संयुक्त) मोडेलमा ५२ अर्ब ५० करोड रुपियाँ ऋण लगानी गर्ने भएका। साउन २२ मा प्रवर्धक कम्पनी टाइम्स इनर्जी र बैङ्क तथा वित्तीय संस्थाबिच ऋण लगानी सम्झौता भएको। विसं २०८७ पुस १५ सम्म परियोजना सञ्चालनमा ल्याउने कम्पनीको लक्ष्य रहेको। यस परियोजनामा ७५ प्रतिशत लगानी ऋणमार्फत जुटाइएको छ भने बाँकी २५ प्रतिशत लगानी प्रवर्धक कम्पनीले स्वपुँजीका रूपमा लगानी गर्ने जनाइएको।

**५.नेपालमा कति तहका अदालत छन् ?**

- ❖ तीन तह : सर्वोच्च, उच्च र जिल्ला अदालत

**६.विश्व राष्ट्रिय निकुञ्ज सम्मेलन कति कति वर्षको अन्तरमा आयोजना गरिन्छ ?**

- ❖ प्रत्येक १० वर्षमा

**७ महालेखा परीक्षक तोयम रायाद्वारा महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदन कहिले पेस गरिएको हो ?** विसं २०८२ वैशाख ३१ ६२ औं वार्षिक प्रतिवेदनका प्रमुख तथ्याङ्क कुल लेखा परीक्षण गरिएको रकम : रु. ९४ खर्ब ६२ अर्ब ३६ करोड कुल लेखा परीक्षण गरिएका संस्था/निकाय : पाँच हजार ७५९ वटा कुल बेरुजु रकम : रु. ९१ अर्ब ५९ करोड ७९ लाख अद्यावधिक बेरुजु : रु. सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख (सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखा परीक्षणबाट औंल्याइएको।

**कुल बेरुजु प्रतिशत** : १.८१ प्रतिशत संस्थागत आधारमा बेरुजुसङ्घीय मन्त्रालय तथा निकाय : रु. ४७ अर्ब ७४ करोड ३० लाख (१.५४ प्रतिशत) प्रदेश मन्त्रालय तथा निकाय : रु. चार अर्ब २० करोड (१.३६ प्रतिशत) स्थानीय तह : रु. २५ अर्ब ३२ करोड ४२ लाख (२.२६ प्रतिशत) समिति र अन्य संस्था : रु. १४ अर्ब ३३ करोड सात लाख (२.७४ प्रतिशत)

# तोरी खेती प्रविधि र यसुको महत्व



❖ *नारायण ओली*

**परिचयः**तोरी एक प्रकारको दुई दलीय तेलहन बाली हो। नेपालको पहाडी तथा समथर भूभागमा यसको खेती गरिन्छ। यो नेपालको मूख्य तेलहन बाली हो। यसको बोट सानो हुँदा सागको रूपमा तरकारी बनाउन प्रयोग गरिन्छ। भूमेको सन्दर्भमा बेसी देखि लेख सम्म खेती गरिन्छ। यसको खेती लेखमा असोज महिना र बेसीमा मंसिर सम्म गर्न सकिन्छ। तेल औद्योगिक कच्चा पर्दा हो। यसको पिना मल तथा पशु आहारामा प्रयोग गर्न सकिन्छ। तोरी तराई तथा पहाड दुवै हावापानीमा लगाउने वालीहरु हुन्। कम तापक्रम, सफा सुखा मौसम, प्रशस्त घाम र उपयुक्त चिस्यान भएको अवस्थामा तेल उत्पादन राम्रो हुन्छ। यी वालीहरु यस्तो हावापानी भएको क्षेत्रमा लगाउनु पर्दछ। पानी जम्नु हुंदैन तर हल्का सिचाई दिनु पर्दछ। सबै किसिमका माटोमा लगाउन सकिन्छ तर हल्का दोमट माटोमा राम्रो हुन्छ। माटोको पिएच न्युट्ल हुनु पर्दछ र हल्का क्षारीय माटो पनि सहन सक्छ। माटोमा पानी जम्नु हुँदैन। साधारणतया वर्षे पानी संचित भएको चिस्यानमा यो बाली लगाईन्छ र बर्षाको पानीकै आशमा कृषकहरु निर्भर रहन्छन्।

**महत्त्वः** खाद्य पदार्थको रुपमा प्रयोग गरिन्छ। मल तथा पशुको आहाराको रुपमा प्रयोग गर्न सकिन्छ। औद्योगिक कच्चापदार्थकोरुपमा प्रयोग गर्न सकिन्छ। यसले माटोमा नइट्रोजन फिक्सेशन गर्ने भएकहुनाले माटाको उर्वरता वृद्धि हुन्छ।

**हावापानीः** रायो तथा तोरि खास गरेर समशितोष्ण हावापानी देखि शितोष्ण हावापानीमा हिउँदको समयमा हुने बाली हो। चिसो हावापानीमा हुने तुषारो सहन नसक्ने खालको हुन्छ। तोरि लगाएको २५-३० दिनमा फूल फूल्न थाल्छ र ५० दिन सम्म फूलिरहन्छ।

**माटोः** तोरी खेती धेरै किसिमको माटोमा हुन्छ। हलुका बलौटे, दोमट र चिम्टाइलो माटोमा खेती गर्न सकिन्छ। प्रसस्त प्रांगारिक तत्व भएको पानी नजम्ने माटोमा हुन्छ। साधारणतया माटोको पि

एच ६ देखि ७.५ हुनुपर्छ। हामीले वर्षे आलु रोपेको जमिन तथा अन्य जमिनमा पनि रोप्ने चलन छ।

**जातः** भूमे गाउँपालिकाको सन्दर्भमा धेरै जसो स्थानिय जातको तोर र शर्सु खेति गर्ने चलन छ। धेरै रोग किराको प्रकोप नहुने उत्पादन राम्रो हुने गर्छ। उन्नत खेति प्रविधिमा भने पुया बोल्ड, कृष्णा, बिकास, प्रगती लुम्ले, मोरङ तोरीको प्रयोग गरिन्छ।

**जमिनको तयारी तथा लगाउने तरिका**

• तोरी खेतीका लागि जमिन तयारी गर्दा २-३ पटक खनजोत गरी, डल्ला फुटाई माटो खुकुलो बनाउनु पर्छ।

• झारपातला राम्रोसँग फालि दाते पाता चलाई राम्रोसँग तयारी गर्नुपर्छ।

• तोरी खेती खास गरेर कार्तिक महिना भरी गर्न सकिने भएता पनि कार्तिकको दोस्रो हप्तामा खेति गर्दा उत्पादन धेरै हुन्छ।

• तर हाम्रो भूमेको सन्दर्भ तथा हावापानीमा असोज महिना देखि मंसिर महिना सम्म खेति गरिन्छ। ३-४ से मी गहिरो बनाई बीउ रोप्नुपर्छ। प्रति हेक्टरमा ८-१० के जी का दरले बीउको आवश्यकता पर्छ। हाम्रो क्षेत्रमा आलु-तोरी- गहुको बाली चक्र अपनाउन सकिन्छ। तोरीलाई अन्य हिउँदे बालीसंग मिश्रित खेती पनि गर्न सकिन्छ। यसलाई रोपेको २०-२५ दिनमा फूल फूल्ने बेला सिचाइ गर्न सकिन्छ र त्यसपछि ४०-५० दिनको बीचमा पनि सिचाइ गर्दा उत्पादन राम्रो हुन्छ। यो बालीमा ६०:४०:२० का दरले प्रयोग गर्नुपर्छ। हाम्रो जस्तो प्राङ्गारिक जिल्लामा प्रसस्त मात्रामा जैविक मल, गोठे मल, कम्पोष्ट मल वा गडेउँले मल आदि प्रयोग गर्न सकिन्छ।

**झारपात तथा रोग किराहरुः** यस बालीमा बिशेश गरी अरोवेन्की नामक परजीवी झार आउने भएको हुनाले गोडमेल गरेर खाडलमा ठगाडिदिनुपर्छ। अन्य कुनै झारपात आएमा हिसयार पूर्वक उखेलेर फाल्नुपर्छ। तोरी बालीमा विभिन्न किसिमका रोगो तथा किराहरुले सताउने गर्दछ। जस्तैः थोप्ले डढुवा, सेतो रोग , डाउनी बिल्डिउ, धुले ढुसी, आदि रोग ले सताउने गर्छन। यश रोगको लागि उपयुक्त व्यवस्थापन गर्नुपर्छ। तोरी बालीलाई विभिन्न किराहरुले पनि सताउने गर्छ। जस्तैः तोरीको करौते झिंगा, लाही किरा, पुतली आदिले सताउने गर्दछन। यस्ता रोग तथा किराहरुको प्रकोप देखा परेको खण्डमा प्राविधिकको सल्लाह अनुसार उपयुक्त औषधी तथा पेष्टीसाइटको प्रयोग गर्नुपर्छ।

**बाली भित्र्याउनेः** तोरी वाली तेलहन बाली भएको हुनाले ७५ प्रतिशत पाकिसकेपछी होसियारपूर्पक काटेर सुकाउनुपर्छ। २/३ घाम सुकाएर तरी चुट्नुपर्छ। केडामा प्रतिशत भन्दा कम चिस्यान भएपछि भण्डार गर्नुपर्छ। तोरी बलाको उत्पादन प्रतिहेक्टर ०.८ देखि १.५ मेट्रिक टन हुन्छ।

**तेल उत्पादन गर्ने तोरी, सर्स्यूँ तथा रायो बालीहरुमा के फरक छ र सरल भाषामा कसरी पहिचान गर्ने ?**

ब्रासिका 'जेनस' भित्र ब्रासिका कम्पेस्ट्रीस र ब्रासिका जुनसिया दुई समूहहरु छन्। पहिलो समूह ब्रासिका कम्पेस्ट्रीस अन्तरगत 'सर्स्यूँ' र तोरी पर्दछन् र

यसलाई अंग्रेजीमा (Rape seed) भनिन्छ। यो व्रासिका जुनसिया (Mustard) समहभन्दा होचो हुन्छ। पात नरम र साना–साना भुत्ला भएका हुन्छन र बीउको रंग पहेंलो वा खैरो हुन्छ र वाहिरी भाग चिप्लो हुन्छ। तर व्रासिका जुनसिया जसलाई अंग्रेजीमा (Mustard) भनिन्छ र यसलाई राई वा लाहा पनि भनिन्छ। यसको बोट अग्लो हुन्छ र हांगाहरु लाग्दछ। कोसाहरु छोटो र सुरिलो हुन्छन र बीउ खैरो वा गाढा खैरो हुन्छ र वाहिरी भाग खस्रो हुन्छ।


**यी बालीहरुमा सिंचाई गर्नु पर्दछ कि पर्दैन ? परेमा कहिले सिंचाई गर्ने ?**साधारणतया बर्षे पानी संचित भएको चिस्यानमा यो बाली लगाईन्छ र बर्षाको पानीकै आशमा कृषकहरु निर्भर रहन्छन्। तर यी बालीहरुलाई पनि फुल खेल्ने र कोसा भरिने बेला चिस्यान चाहिन्छ रसिंचाई दिनु पर्दछ, जसले गर्दा राम्रो उतपादन लिन सकिन्छ।

**बालीहरुमा मुख्य तत्व भएको मलखाद बाहेक अन्य मलखाद केहि प्रयोग गर्नु पर्दछ ?**

सबै बालीहरुका लागि मुख्य तत्वहरु नाईट्रोजन, फस्फोरस र पोटासको आवशयकता पर्दछ र यिनीहरुको पूर्तिका लागि डि.ए.पी., यूरिया र पोटास दिइन्छ। तर यी बालीहरुमा यी तत्व बाहेक सल्फरको बढिनै आवशयकता पर्दछ। त्यसैले सल्फरको पूर्तिका लागि १५ के.जी. सल्फेक्स प्रति हेक्टरका दरले जमिन तयारीकै बेलामा प्रयोग गर्नु पर्दछ। **तोरी तथा रायोमा मलखादको कति मात्रा प्रयोग गर्नु पर्दछ ?** भएसम्म कम्पोष्टमल वा गोबरमल प्रयोग गर्नु पर्दछ। यस बाहेक यी बालीहरुका लागि नाईट्रोजन, फस्फोरस र पाटास क्रमशः ६०–८०, ४०–२० के.जी/हेक्टर प्रयोग गर्नु पर्दछ। मथिको सिफारिस पुरा गर्न यूरिया ९६ के.जी., डि.ए.पी. ८७ के.जी. र पोटास ३३ के.जी. प्रति हेक्टर (डेढ विगाहा) का दरले प्रयोग गर्नु पर्दछ। सिंचाईको ब्यवस्था नभएमा माथिको मात्राको आधा मात्र प्रयोग गर्नु पर्दछ। यूरिया बाहेक सबै मल जमिन तयारीकै बेलामा प्रयोग गर्नु पर्दछ। यूरियामा आधा जमिन तयारी गर्दा र चौथाई चौथाई गरी सिंचाई गरेपछि प्रयोग गर्नु पर्दछ।

**तोरीका सिफारिस जातहरु के के हुन् ?** तोरीका लागि ६ जातहरु उन्मोचन भएका छन्। ती हुनः विकास, लुम्ले १, प्रगति, उन्नति, प्रीति र मोरंग तोरी। यस बाहेक हाइव्रिड जे.वाई. १६ पंजिकरण गरी कृषकलाई खेती गर्न अनुमति दिइएको छ।

## निःशुल्क सिपमूलक तालिममा संगलन हुन सूचना



भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

(रोजगार सेवा केन्द्र)

प.सं.: २०८२/०८३
सु.नं.: ०६

खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**निःशुल्क तालिममा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मितिः २०८२/०५/१२)

भूमे गाँउपालिका र पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्यूट प्रा.लि. पोखराको समन्वय र अन्य विभिन्न दातृ निकायहरुको आर्थिक सहयोगमा विभिन्न विषयमा निःशुल्क सिपमूलक तालिम सञ्चालन हुन भएकोले सिप सिकेर वैदेशिक रोजगार तथा स्वदेशमै रोजगारी गर्नका साथै स्वउद्यम बन्न चाहने युवाहरुले मिति **२०८२ असोज १** गते भित्र सम्बन्धित वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तालिमको विषय र समयावधीः**

| क्र.स. | तालिम विषय | समयावधी | संख्या | उमेर समुह | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिङ्ग | ४ महिना | १० जना | १७-४० बर्ष | साधारण लेखपढ | धरौटी फिर्ता हुने गरी रु. ५००० मात्र |
| २ | डकर्मी प्लम्बर र स्टिल फिक्वर | ४ महिना | १० जना | | | |
| ३ | इलेक्ट्रोनिक तथा मोबाईल मर्मत | ४ महिना | २ जना | १७-२७ वर्ष | ८ कक्षा उर्तिण | |
| ४ | वेशिक र एडभान्स इलेक्ट्रीकल | ६ महिना | २ जना | | | |

**आवश्यक कागजातहरुः**

- हालसालै खिचेको पासपोर्ट साईजको फोटो- २ प्रति
- नागरिकताको प्रतिलिपी- १ प्रति
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपी- १/१ प्रति
- अभिभावक मञ्जुरी नामा र सम्झौता पत्र- १ प्रति

**तालिमका सुविधाहरुः**

- तालिम पूर्णरुपमा निःशुल्क।
- खाना तथा बासको निःशुल्क ब्यवस्था।
- प्रत्येक महिना रु. १००० निर्वाह भत्ता पाउने।
- आउने र जाने बस भाडा (एक पटक)को लागि निःशुल्क।

*नोटः- तालिम सम्बन्धी विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८५१२११४४२, ९७६२५२७११० मा सम्पर्क गर्न सकिने छ।*

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

"श्रमको सम्मान-राष्ट्रको अभियान"
खावाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९७६२५२७११०, ९७६२५२७१११, ९८०१३३९९८३
इमेलःinfo@bhumemun.gov.np, ito.bhumemun@gmail.com, pmepbhume@gmail.com, वेबसाइटःwww.bhumemun.gov.np

# सूचना

वर्ष ७ अङ्क ०६ २०८२ भाद्र १५ आईतबार

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८२।०८३
च.नं. : १८७

मितिः २०८२/०५/०५

श्री वडा कार्यालयहरु (सबै),
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

**विषयः भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले दिवेदन पेश गर्ने सम्बन्धी पैत्तिस (३५) दिने सूचनाको जानकारी गराउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौंको मिति २०८२/०४/३० गते (अन्तिम पटक) का लागि प्रकाशित सूचना तथा भूमि समस्या समाधान आयोग, जिल्ला समिति, रुकुम (पूर्व) को मिति २०८२/०५/०५ को पत्र यसैसाथ संलग्न छ । सोही पत्रानुसार सबै वडा कार्यालयहरुले आ-आफ्नो वडामा बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जानकारी गराउनुका साथै तोकिएको समयभित्र सम्बन्धित वडामा खटाइएका लगत संकलनकर्ता मार्फत तथा वडा कार्यालय वा गाउँपालिका कार्यालय मार्फत निवेदन पेश गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

(देवीलाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत
देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९७६२५२७११०,९७६२५२७१११

---

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- (कृषि) २०८२/८३
सूचना नं.:- ०६

**कोटेशन (दररेट) पेश गर्ने सम्बन्धी सूचना ।**
**(प्रथम पटक सूचना प्रकाशित मितिः- बि.सं.२०८२/०५/१२ गते बिहिवार)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने विभिन्न कृषि विकास कार्यक्रमहरुको सञ्चालन तथा कार्यान्वयन गर्ने क्रममा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, रुकुम (पूर्वी भाग) कार्यालयलाई सहायता पुर्याउने उद्देश्यले प्रत्येक कृषि विकास कार्यक्रमको कार्य प्रकृति बमोजिम सर्वप्रथम आवश्यक विभिन्न कृषि उत्पादन सामग्रीहरुको विस्तुत अनुमानित कार्यक्रम लागत अनुमान (इस्टिमेट) तयार तथा स्वीकृत गर्न दररेट निर्धारण गरी आवश्यक आधारहरु लिई खरिद प्रकियालाई अगाडी बढाउनको लागि यसैसाथ संलग्न आवश्यक विभिन्न कृषि उत्पादन सामग्रीहरुको स्वीकृत आवश्यक प्राविधिक स्पेशिफिकेशन बमोजिमको फाराम/ढाँचामा रहेर सम्बन्धित कृषि एग्रोभेट/कम्पनी/प्रा.लि./सप्लायर्सहरुले तपसिलमा उल्लेखित पेश गर्नुपर्ने आवश्यक कागजातहरु संलग्न गरी *यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः बि.सं.२०८२/०५/१८ गते बुधवार)भित्र* कार्यालय समयमा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ बगर, रुकुम (पूर्वी भाग) कार्यालयमा कोटेशन (दररेट) पेश गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिलः
पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
- कोटेशन (दररेट) पेश गरिएको सम्बन्धमा निवेदन र छाप ।
- सञ्चालक/प्रोपाईटरको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- व्यवसाय सञ्चालन इजाजत-पत्र दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि ।
- व्यवसाय सञ्चालन तालिम प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०८१/८२ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०८१/८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।

(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत
स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

(देबि लाल बि.क.)
प्रमुख प्रशासकीय अधिकृत
देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागिः
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरीः- ९८४१८०२७३२, ९८२२८२३८२६
२. कृषि प्राविधिक- विशाल पुन मगरः- ९८६६९०४६५६, ९८१०९४०९९५
३. प्राविधिक सहायक- मोहन कुमार डाँगीः- ९८४७८६१३२९

पुनश्चः
- *उल्लेखित आवश्यक विभिन्न कृषि उत्पादन सामग्रीहरुको स्वीकृत आवश्यक प्राविधिक स्पेशिफिकेशन बमोजिमको फाराम/ढाँचा भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ बगर, रुकुम (पूर्वी भाग) कार्यालय र भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेबसाइट www.bhumemun.gov.np तथा Facebook page बाट प्राप्त गर्न सकिनेछ ।*

---

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- (कृषि) २०८२/८३
सूचना नं.:- ०५

**आ.व.२०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम माग सम्बन्धी सूचना ।**
**(दोस्रो पटक सूचना प्रकाशित मितिः- बि.सं.२०८२/०५/१३ गते शुक्रवार)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको यस चालु आ.व.२०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित संघ सशर्त अनुदान, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, *आ.व.२०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता* कार्यक्रममा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने *भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग)भित्रका इच्छुक कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति/जल/वन उपभोक्ता समितिहरु*ले तपसिलमा उल्लेखित पेश गर्नुपर्ने आवश्यक कागजातहरु संलग्न गरी *यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति बि.सं.२०८२/०५/१९ गते बिहिवार)भित्र* यस भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा माग गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपसिलः
पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
- अनुसूची-१० बमोजिमको कार्यक्रम माग आवेदन फाराम र छाप ।
- सञ्चालक/अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०८१/८२को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
- गत आ.व.२०८१/८२को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालनमा सहभागी हुने कृषकको जग्गा धनी दर्ता प्रमाण-पुर्जा र जग्गा/जमिन भाडामा भए कम्तिमा ५ वर्षको करार सम्झौता-पत्रको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालनमा सहभागी हुने कृषकले चालु आ.व.२०८२/८३ को जग्गा/जमिन कर (तिरो) तिरेको रसिदको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालनमा सहभागी हुने कृषकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
- समूह/संस्था/समितिको हकमा कार्यक्रम माग सम्बन्धमा निर्णयको प्रतिलिपि ।

(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत
स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

(देबि लाल बि.क.)
प्रमुख प्रशासकीय अधिकृत
देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागिः
१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरीः- ९८४१८०२७३२, ९८२२८२३८२६
२. कृषि प्राविधिक- विशाल पुन मगरः- ९८६६९०४६५६, ९८१०९४०९९५
३. प्राविधिक सहायक- मोहन कुमार डाँगीः- ९८४७८६१३२९

पुनश्चः
- *उल्लेखित आ.व.२०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम मागको लागि अनुसूची-१० बमोजिमको माग आवेदन फाराम/ढाँचा/नमूना भूमे गाउँपालिका, कृषि सेवा केन्द्र खाबाङ बगर रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु र भूमे गाउँपालिका रुकुम (पूर्वी भाग) कार्यालयको वेबसाइट www.bhumemun.gov.np तथा Facebook page बाट प्राप्त गर्न सकिनेछ ।*

---

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- (कृषि) २०८२/८३
च.नं.:- २००

मितिः- वि.सं.२०८२/०५/१३ गते शुक्रवार

**विषयः- सूचना टाँस गरी जानकारी गराउने तथा माग संकलन गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै,
श्री कृषि, पशुपन्छी तथा मत्स्य सेवा प्राविधिकहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग),
लुम्बिनी प्रदेश, नेपाल ।

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सामाजिक तथा आर्थिक विकास शाखा, कृषि सेवा केन्द्र, खाबाङ बगर, रुकुम (पूर्वी भाग), लुम्बिनी प्रदेश, नेपाल कार्यालयको *दोस्रो पटक प्रकाशित आ.व.२०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम माग सम्बन्धी सूचना (७ दिने)* त्यहाँ वडा कार्यालयको सूचनापाटीमा टाँस गरी वडाभित्र रहेका कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेड/समिति/जल/वन उपभोक्ता समितिहरुलाई जानकारी गराई कार्यक्रम माग संकलन गर्नुहुन हार्दिक अनुरोध छ ।
साथै उक्त *आ.व.२०८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम माग सम्बन्धी सूचना (७ दिने)* पाना १ (एक) प्रति र *अनुसूची-१० बमोजिमको कार्यक्रम माग आवेदन फाराम/ढाँचा/नमूना* पाना ७ (सात) प्रति यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

(देबि लाल बि.क.)
प्रमुख प्रशासकीय अधिकृत
देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत